म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

सम्बृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- १२८ २०८२ चैत १७ गते मंगलबार 31 March 2026, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो । हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ । तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं । नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

**सम्पादक ।**

# सांसदहरूलाई प्रधानमन्त्रीको ३ सन्देश



*कर्णाली प्रदेशबाट निर्वाचित सांसदसँग प्रधानमन्त्री बालेन्द्र शाह ।*

काठमाडौं : प्रधानमन्त्री बालेन्द्र शाहले सांसदहरूसँग संवाद थालेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकाअनुसार निर्वाचन क्षेत्रका समस्या र समाधानका उपायका साथै राष्ट्रिय रुपमा के कस्ता विषयमा काम गर्न सकिन्छ भनेर सांसदहरूसँग राय लिइएको हो । सोमबार कोशी प्रदेश र कर्णाली प्रदेशबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सांसदहरूको राय संकलन गरिएको छ । बाँकी सांसदहरूसँग प्रदेशगत रुपमै छलफल हुनेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा दुवै प्रदेशका सांसदहरूले स्थानीय समस्या, विकास आयोजना, बजेट, सामाजिक सुरक्षा लगायतका विषय राखेका छन् । प्रतिनिधिसभा सदस्य यज्ञमणि न्यौपानेकाअनुसार प्रदेशका सामूहिक समस्या, प्रत्येक निर्वाचन क्षेत्रका समस्याको सन्दर्भमा प्रधानमन्त्रीलाई जानकारी गराइएको छ । 'तत्काल समाधान गर्नुपर्ने समस्या र समाधानका उपाय के हुन सक्छन् भनेर प्रधानमन्त्रीले सोध्नुभयो । त्यसमै केन्द्रित भएर माननीयज्यूहरूले धारणा राख्ने काम भयो' उनले भने ।

सांसद् न्यौपानेका अनुसार जवाफमा प्रधानमन्त्री बालेन्द्रले बजेटको आधारमा विकास आयोजनालाई प्राथमिकतामा राख्ने र सबै क्षेत्रमा समान रुपमा बजेट वितरण गर्ने प्रतिवद्धता जनाएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का संसदीय दलका नेता ज्ञानेन्द्र शाहीका अनुसार प्रधानमन्त्रीसमक्ष कर्णाली प्रदेशको समग्र विकास, पूर्वाधार विस्तार, शिक्षा तथा स्वास्थ्य क्षेत्रका विषय राखिएको छ । रोजगारी सिर्जना र स्थानीय स्रोत-साधनको सदुपयोग लगायतका विषय के गर्न सकिन्छ भनेर समाधानका उपायहरू समेत सुझाइएको छ ।

'कर्णाली राजमार्ग स्तरउन्नति र समयमै काम नगर्ने ठेकेदारलाई कारबाही गर्न हामीले प्रधानमन्त्रीसमक्ष अपिल गरेका छौं' उनले भने । जवाफमा प्रधानमन्त्री बालेन्द्रले कर्णालीको दीगो तथा समावेशी विकासका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् । यसका लागि आवश्यक नीतिगत तथा संरचनागत रुपमा समस्या समाधान गर्ने आश्वासन दिए । सांसद्हरूका अनुसार प्रधानमन्त्री बालेन्द्रले मुख्यतः तीन सन्देश दिएका छन् ।

पहिलो : पहिलो वर्ष शासकीय सुधारमै सरकारको जोड रहनेछ ।

दोस्रो : बजेट वितरणमा अन्याय हुँदैन ।

तेस्रो : तत्काल केही समस्या समाधान गर्नुपर्ने भए प्रधानमन्त्री

*...बाँकी पृष्ठ ३ मा*

# उत्कृष्ट नतिजा कायम राख्न मिहिनेत गर्दै शारदा मावि

नानीमाया सापकोटा

हेटौंडाः गत वर्ष एसईईमा सामुदायिक विद्यालयमध्ये शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै मकवानपुरगढी-५ स्थित शारदा माविले जिल्लामा सामुदायिक विद्यालयको बिरासत जोगायो । कुल २५ जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा सबै उत्तीर्ण हुन सफल भए । जिल्लामै एकमात्र सामुदायिक विद्यालयले राखेको यो विरासत जोगाएर उत्कृष्ट नतिजा कायम राख्न विद्यालयले यस वर्ष पनि व्यवस्थापन तथा मेहनत गरिरहेको छ ।



यस वर्ष विद्यालयबाट २७ जना विद्यार्थीहरु एसईईमा सहभागी हुँदैछन् । चैत १९ गतेबाट एसईई सुरु हुन लागेकोले अहिले विद्यालयले विद्यार्थीलाई तयारी गराइरहेको छ । अघिल्लो वर्षजस्तै यस वर्ष पनि विद्यार्थीहरुलाई विद्यालयमै प्रत्यक्ष निगरानीमा राखी पठनपाठन गराइरहेको कक्षा १० का कक्षा शिक्षक सुमन खनालले जानकारी दिनुभयो ।

गत मंसिर ११ गतेदेखि विद्यार्थीहरुलाई बन्द शिविरमा राखेर कक्षा सञ्चालन भइरहेको छ । ११ जना छात्र तथा १६ जना छात्राहरु परीक्षामा सामेल हुँदै गर्दा २ जनाले ए प्लस, ७ जनाले ए र बाँकीले सामान्य ग्रेड ल्याउने अपेक्षा विद्यालयले गरेको छ । विद्यालयले विद्यार्थीहरुलाई बिहान ५ बजेदेखि बेलुका ११ बजेसम्म प्रत्यक्ष शिक्षकद्वारा नै निगरानीमा पढाइरहेको छ । यतिमात्र होइन, पूर्वतयारी योग्यता परीक्षामा कमजोर नतिजा आएका विद्यार्थीहरुलाई छुट्टै राखेर विशेष निगरानीमा थप कक्षाहरु सञ्चालन गरिरहेको कक्षा शिक्षक खनालले बताउनुभयो ।

विद्यालयमै राखेर पठनपाठन हुँदा आफ्नो पूर्ण ध्यान विषयमै केन्द्रित गर्न सकिएकोले विद्यार्थीहरु पनि खुशी छन् । विद्यालयले एसईईमा उत्कृष्ट नतिजा ल्याउने अपेक्षा गरेको विद्यार्थी कृष्टि श्रेष्ठ बन्द शिविरमा राखेर पढ्न पाउँदा ध्यान अन्यत्र भड्किन नपाएकोले परीक्षामा सहज हुने बताउँछिन् । विद्यलायले दैनिक प्रतिविषय दुई घण्टा समय छुट्याएको छ । शिक्षकहरुले साथीजस्तो सहज वातावरणमा अध्यापन गरिरहेकोले आफू खुशी रहेको अर्का विद्यार्थी अस्मित हुमागाईं बताउँछन् । आफूहरु उत्कृष्ट नतिजा प्राप्त गर्न हरसम्भव प्रयास गरिरहेको उनीहरुको भनाइ छ । विद्यार्थीहरुले पढाइसँगै पुरा निन्द्रा लिने, पानी पर्याप्त पिउने र भोकै बस्न नहुने कृष्टिको सुझाव छ ।

अघिल्लो वर्षको विरासत धान्ने मात्रै नभई अझै उत्कृष्ट नतिजा ल्याउने विद्यालयको लक्ष्य रहेको प्रधानाध्यापक इन्द्रबहादुर कार्की बताउनुहुन्छ । नियमितरुपमा शतप्रतिशत नतिजा ल्याउन चुनौती भए पनि शिक्षक, अभिभावक र स्थानीय तहको संयुक्त बैठकले निर्णय गरी बन्द शिविर सञ्चालन गरेको हो । दुई वर्ष अघिको एसईईमा जम्मा २२ प्रतिशत विद्यार्थीमात्र परीक्षामा उत्तीर्ण भएकोमा बन्द शिविर सञ्चालनपछि नै नतिजामा धेरै फरक आएको प्रधानाध्यापक कार्की बताउनुहुन्छ ।

अघिल्लो वर्ष बन्द शिविर राखेर राम्रो नतिजा प्राप्त गरेपछि यस वर्ष पनि विद्यालयमा बन्द शिविर सञ्चालनका लागि खाना खर्चका लागि प्रतिविद्यार्थी ७ हजार खर्च गरिएको छ । साथै, गाउँपालिकाले थप कक्षा पठनपाठनका लागि अंग्रेजी, विज्ञान र गणित विषयमा प्रति विषय ४ सयको दरले उपलब्ध गराएको छ । बन्द शिविरमा लाग्ने अन्य जनशक्तिको खर्च वडा नं ५ कार्यालयले ब्यहोर्ने सहमति भएको विद्यालयले जनाएको छ । कुल ५ सय ३१ जना विद्यार्थी अध्ययन गर्ने यस विद्यालयमा एक विद्यालय नर्स, एक नृत्य शिक्षक, मावि दरबन्दीमा ५ जना शिक्षकसहित ३१ जना शिक्षकहरु रहेका छन् ।

## बागमतीको बजेट मापदण्ड

# १ करोड कमका नयाँ योजनामा 'ब्रेक'

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटलाई यथार्थपरक र परिणाममुखी बनाउन नयाँ बजेट तर्जुमा निर्देशिका कार्यान्वयनमा ल्याउने भएको छ । प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ बमोजिम जारी गरिएको उक्त निर्देशिकाले विगतको तुलनामा आयोजना छनोट प्रक्रियालाई कडाइ गरेको हो ।

आर्थिक मन्दी, संघीय अनुदानमा भएको कटौती र न्यून राजस्व संकलनका कारण आगामी बजेटको आकार चालु आर्थिक वर्षको तुलनामा करिब १७ अर्ब रुपैयाँले घट्ने अनुमान गरेको अवस्थामा प्रदेशको बजेट तर्जुमामा कठाइ गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार आगामी आर्थिक वर्षको बजेटमा मापदण्ड निर्धारणसहित बजेट विनियोजनको तयारी गरिएको हो ।

निर्देशिकाले कुनै पनि आयोजना बजेटमा समावेश हुनका लागि देहायका प्राविधिक मापदण्ड पूरा गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार हरेक मन्त्रालयलाई मापदण्डसहित बजेटको सिलिङ पठाउने तयारी गरिएको छ । उक्त सिलिङमा रहेर मन्त्रालयहरुले मापदण्ड अनुसारको बजेट कार्यक्रम तयार गर्नुपर्ने उनले बताए । मन्त्री तामाङका अनुसार आगामी बजेट करिब ५० अर्बको हाराहारीमा आउने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको ६७ अर्ब ४७ करोडको बजेट कार्यान्वयन गरिरहेको प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटमा संकुचन आउने भएकाले मापदण्ड पालनामा कडाइ गरिएको उनले बताए ।

प्रदेश सरकारको बजेटको आधारमा बाँडफाँडप्राप्त हुने राजस्व अधिक रहेको उनले बताए । बाँडफाँडप्राप्त हुने राजस्वबाट प्रदेश सरकारले बजेटमा ३० अर्ब ८९ करोड रुपैयाँ प्राप्त गर्न अनुमान गरिएको छ । जुन कुल बजेटको ५० प्रतिशतभन्दा बढी हिस्सा रहेको छ । उनका अनुसार संघीय सरकारले संविधानको व्यवस्था अनुसार प्रदान गर्ने विभिन्न शिर्षकको अनुदान वापतको रकम १३ अर्ब ८१ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । प्रदेश सरकारको आन्तरिक आयतर्फ हिस्सा भने कुल बजेटमा ४ अर्ब १२ करोड रुपैयाँ रहेको उनले बताए । चालु आर्थिक वर्षको बजेट कार्यान्वयन पश्चात नगद मौज्दात ५ अर्ब रुपैयाँ रहने भएकाले बजेटको आकार खुम्चिने अवस्था रहेको उनले बताए । विगतमा नगद मौज्दात पनि बढी हुने भएकाले बजेटको आकार बढी हुने गरेको तर, आगामी वर्ष नगद मौज्दात पनि घट्ने अवस्था रहेको उनको भनाई छ ।

मन्त्री तामाङका अनुसार जेनजी आन्दोलन, विपद् व्यवस्थापनको दबाब र निर्वाचन लगायतका कारणले राजस्व संकलनमा प्रत्यक्ष असर परेको छ । यसका साथै संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भइरहेको निरन्तर कटौतीले प्रदेशको बजेट निर्माणमा ठूलो चुनौती थपेको उनले बताए । प्रदेश सरकारले खर्च गर्न नसकेको २ अर्ब रुपैयाँभन्दा बढीको अनुदान रकम संघीय सरकारलाई नै फिर्ता गर्नुपर्ने अवस्था रहेकाले पनि उपलब्ध स्रोतमा थप संकुचन आएको उनले बताए ।

## यस्ता छन् बजेटका कडा मापदण्ड

उक्त मापदण्डमा न्यूनतम लागत सीमा समेत तय गरेको उनले बताए । आगामी वर्षको बजेटमा १ करोड रुपैयाँभन्दा कम लागतका नयाँ पूर्वाधार आयोजनाहरु वार्षिक बजेटमा समावेश नगरिने मापदण्ड रहेको उनले बताए । प्रदेशको बजेटमा 'टुक्रे' योजना बाँड्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने सरकारको लक्ष्य अनुसार सो मापदण्ड अवलम्बन गरिएको उनले बताए ।

उनका अनुसार बजेटमा प्रस्ताव गरिने आयोजनाहरु अनिवार्य रुपमा 'प्रदेश आयोजना बैंक' मा प्रविष्ट भएको र प्राथमिकता प्राप्त सूचीमा परेको हुनुपर्नेछ भने आयोजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको, सम्भाव्यता अध्ययन सकिएको र वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न भएको हुनुपर्ने व्यवस्था गरिएको छ । आयोजना सञ्चालन हुने स्थानमा जग्गा प्राप्ति, रुख कटान र मुआब्जा सम्बन्धी कानुनी प्रक्रिया पूरा भएको र कुनै विवाद नरहेको सुनिश्चित हुनुपर्ने मापदण्ड रहेको छ ।

त्यस्तै आगामी आर्थिक वर्षको बजेटमा आयोजना कार्यान्वयन गर्ने निकायको जनशक्ति र क्षमताको सुनिश्चितता गर्नुपर्ने व्यवस्था रहेको छ भने स्थानीय तहमा सञ्चालन हुने आयोजनाहरुको सिफारिसलाई व्यवस्थित गर्न जिल्लास्तरमा एक विशेष समिति रहने व्यवस्था गरिएको छ । जसमा सम्बन्धित निर्वाचन क्षेत्रका प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य, सोही निर्वाचन क्षेत्रका समानुपातिक प्रदेश सभा सदस्यहरु र सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष रहने छन् भने सदस्य सचिवमा विषयगत कार्यालयका प्रमुख रहने व्यवस्था रहेको छ ।

समितिले आयोजना बैंकमा रहेका योजनाहरुमध्येबाट आवश्यकताका आधारमा प्राथमिकता तोक्ने व्यवस्था रहेको छ भने कुनै पनि निजी फर्म वा कम्पनीलाई तोकेर कार्यक्रम सिफारिस गर्न नपाइने मापदण्ड रहेको छ । प्रदेश सरकारले तयार गरेको बजेट निर्देशिकाले बजेट निर्माणको हरेक चरणका लागि समय सीमा समेत तोकेको छ । जसमा माघ मसान्तभित्र स्रोत तथा खर्चको सीमा (बजेट सिलिङ) निर्धारण सम्पन्न गर्ने भनिएको छ । चालु आर्थिक वर्षमा निर्वाचनको कार्यक्रम रहेकाले उक्त कार्य केही ढिला भएको र हाल बजेटको स्रोत अनुमानसहित सिलिङ वितरणको तयारी भइरहेको उनले बताए ।

विषयगत मन्त्रालयहरुले चैत मसान्तभित्र पिएलएमविआइएस प्रणालीमार्फत बजेट प्रस्ताव पेश गर्नुपर्ने, जेठ १५ भित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ भने जेठ मसान्तभित्र मन्त्रिपरिषद्बाट वार्षिक कार्यक्रम स्वीकृत गरी असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ । बजेट निर्माणमा पारदर्शिता ल्याउन अनिवार्य रुपमा 'प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली' प्रयोग गर्ने व्यवस्था गरिएको छ भने मन्त्रालयहरुले आफू मातहतका निकायहरुलाई बजेट सिलिङ पठाउँदा र निकायहरुले बजेट प्रस्ताव गर्दा उक्त प्रणाली प्रयोग गर्नुपर्नेछ ।


# बधाई एवम् शुभकामना



यस विद्यालयका पूर्वविद्यार्थी एवम् पूर्वशिक्षक श्री **प्रशान्त उप्रेती** ज्यू **२५ वर्ष**कै उमेरमा नेपालको संसदीय इतिहासकै कान्छो सांसद बन्न सफल हुनुभएकोमा हामी गौरवान्वित भएका छौं । यस किसिमको सफलताका लागि तपाईंलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**युनाइटेड इंग्लिस बोर्डिङ स्कूल परिवार**

**मनहरी-८, मकवानपुर**

# सम्पादकीय

## मन्त्रालय कटौती गर्न चुनौती

७ वटा मन्त्रालयबाट १४ वटा पुऱ्याइएको बागमती प्रदेशमा मन्त्रालय घटाउने तयारी चर्चामै सिमित बनिरहेको छ । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकारले प्रशासनिक खर्च कम गरेर मितव्ययी शासन प्रणाली अपनाउन प्रशासनिक संरचना सुदृढीकरणका लागि समिति बनाएर अध्ययन गरेको गरेको थियो । गत कात्तिकमा गठन भएको विज्ञसहितको समितिले अध्ययन गरी प्रशासनिक क्षेत्रको अवस्था मूल्यांकनसहित प्रदेश सरकारलाई प्रतिवेदन बुझाइसकेको भए पनि कार्यान्वयनको सुरसार भएको छैन । प्रदेशको सत्ता गठबन्धन दलहरु नेपाली कांग्रेस र नेकपा एमालेबिच सभामुख चयनमा मतभेद हुँदा सरकारको गतिसमेत सुस्त बनिरहेको छ । गठबन्धनको समयमा मुख्यमन्त्री आलोपालो गर्ने सहमति कार्यान्वयनका विषयमा पनि दुई दलबिच संशय रहेकाले मन्त्रालय कटौतीको विषयसमेत अन्योलमा परेको छ ।

प्रदेश सरकारले खर्च कटौती र सेवा प्रवाहलाई चुस्त बनाउन प्रशासनिक संरचना परिवर्तन गर्ने तयारी गरेको हो । प्रदेशको १४ वटा मन्त्रालयलाई घटाउने र कर्मचारी दरबन्दी प्रभावकारी बनाउने तयारीसहित अध्ययनका लागि गठन भएको समितिले करिब तीन साताअघि नै प्रतिवेदन दिइसकेको छ । मुख्यमन्त्री बानियाँ र उच्चस्तरीय प्रदेश प्रशासनिक पुनर्संरचना निर्देशक समिति संयोजक कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेललाई विज्ञसहितको अध्ययन समितिले सुझावसहितको प्रतिवेदन हस्तान्तरण गरेको थियो । विज्ञको समितिले बुझाएको "प्रशासनिक पुनर्संरचना प्रतिवेदन" उच्चस्तरीय निर्देशक समितिमा पुगेर अड्किएको छ । समितिले गरेको अध्ययनबाट प्रदेशको अनावश्यक संरचना खारेज गरे राज्यको ठूलो वित्तीय दायित्व बचत हुने देखाएको छ ।

समितिको प्रतिवेदनले प्रदेशमा मन्त्रालयको संख्या ८ बनाउने तथा विभिन्न बोर्ड तथा निर्देशनालय र आयोगहरु खारेज गर्न सुझाव दिएको बताइएको छ । समितिले ७ सय १ कर्मचारीको दरबन्दी कटौतीका लागि दिएको सुझावमात्र कार्यान्वयन भयो भने पनि वार्षिक करिब ५० करोड रुपैयाँ बचत हुने अनुमान छ । गठबन्धन गरेर सत्ता टिकाउनकै लागि विगतमा मन्त्रालय फुटाउने प्रवृत्तिको अन्त्य गर्दै संरचनागत सुधारमा बानियाँ नेतृत्वको सरकार अग्रसर भए पनि कार्यान्वयनमा विलम्ब भइरहको हो । बानियाँ नेतृत्वको सरकार गठन भएलगत्तै सत्ता जोगाउनै लागि पटकपटक टुक्रा पारेर बढाइएका मन्त्रालयदेखि अनावश्यक कार्यालयहरु खारेज गर्ने तयारी गरेको थियो । टुक्र्याइएका मन्त्रालय गाभ्ने वा खारेज गर्ने, विभिन्न जिल्लामा खोलिएका अनावश्यक कार्यालय र दोहोरो प्रकृतिका कार्यालय हटाउने काम हुँदा वार्षिक अरबौं रुपैयाँ बचत हुनसक्छ ।

प्रदेश सरकारले विज्ञको समितिले बुझाएको प्रतिवेदनमा राजनीतिक सहमति जुटाएर आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा लैजाने योजना बनाएको छ । समितिले दिएको सुझावअनुसार ६ वटा मन्त्रालय हटाउँदा सत्ता गठबन्धन कांग्रेस र एमालेका मन्त्रीलाई हटाउनुपर्ने हुन्छ । मन्त्रीको सचिवालय तथा मन्त्रालयमा जागिर खाइरहेका सयौं नेता कार्यकर्ताको जागिरसमेत जान्छ । यस्तो अवस्थामा राजनीतिक दल र तिनका नेतृत्व सहजै अनावश्यक संरचना कटौतीमा सहमत हुने सम्भावना न्यून छ । मन्त्री पौडेल नेतृत्वको निर्देशक समितिले सेवामूलक क्षेत्रमा दरबन्दी कटौती नगर्ने र दोहोरो प्रकृतिका कार्यालयमात्र हटाउने गरी विज्ञ समितिले दिएको प्रतिवेदनलाई परिमार्जन गर्ने तयारी गरेको बताइएको छ । प्रशासनिक सुधारबाट खर्च कटौती गरेर मितव्ययी बन्ने सरकारको योजना कार्यान्वयनमा चुनौती कायमै छ । भएका मन्त्रालय, कार्यालय तथा कर्मचारी दरबन्दी कटौतीमा सहजै राजनीतिक सहमति जुट्नेमा विश्वस्त हुने अवस्था देखिँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : सामाजिक कार्यमा समय व्यतित होला । |
| **वृष** | : आवेग र रिसमा नियन्त्रण गर्दा राम्रो रहन्छ । |
| **मिथुन** | : व्यवसायका असजिला पक्षहरु निराकरण होला । |
| **कर्कट** | : कीर्ति र प्रतिष्ठामा बढावा हुने समय छ । |
| **सिंह** | : आर्थिक र व्यवहारिक समस्याले सताउने छ । |
| **कन्या** | : मानसिक अस्थिरताको समय योग छ । |
| **तुला** | : नियमित कामधन्धामा असर पर्न सक्छ । |
| **वृश्चिक** | : लामो समयदेखि गुमेको धन हातपर्न सक्छ । |
| **धनु** | : आनन्दको पुनर्ताजगी हुने समय योग देखिन्छ । |
| **मकर** | : एकाग्रतामा कमी हुने समय योग छ । |
| **कुम्भ** | : सरकारी पक्षबाट लाभ प्राप्त हुने समय छ । |
| **मीन** | : परोपकारी कामबाट भाग्यवृद्धि हुने समय छ । |

# क्षमायाचनादेखि न्याय ग्यारेन्टीसम्म : दलित अधिकार कार्यान्वयनको प्रस्थानविन्दु



✍भोला पासवान



नेपालको राजनीतिमा नयाँ दलहरूको उदयसँगै केही नयाँ भाष्य र शैलीहरू भित्रिएका छन् । यसैक्रममा रास्वपाले आफ्नो 'वाचापत्र २०८२' सार्वजनिक गर्दै एउटा यस्तो मुद्दा अघि सारेको छ, जसले दलित आन्दोलन र अधिकारकर्मीहरूमाझ आशा र संशय दुवै पैदा गरेको छ । वाचापत्रको पहिलो बुँदामै नयाँ सरकार गठन भएको पहिलो मन्त्रिपरिषद् बैठकबाट दलित समुदायमाथि भएका ऐतिहासिक अन्याय र अपमानप्रति 'औपचारिक क्षमायाचना' गर्ने र १५ दिनभित्र सुधारका कार्यक्रम ल्याउने घोषणा गरिएको छ । बालेन नेतृत्वको सम्भावित सरकारको यो कदमले सतही रूपमा सकारात्मक सन्देश दिए पनि यसको गहिराइ र कार्यान्वयनको पाटो भने विगतको 'उपेक्षाको इतिहास' सँग जोडिएर आउँछ ।

### दलित समुदायको वर्तमान अवस्था : तथ्याङ्कले बोलेको कुरूप ऐना

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले दलित समुदायको अवस्था अझै पनि चुनौतीपूर्ण रहेको देखाउँछ । देशका कुल ३८ लाख ७८ हजार ५४९ दलितमध्ये तराई-मधेशमा मात्रै १३ लाख ९० हजार ३३२ मधेशी दलितहरू छन् । कुल जनसङ्ख्यामा दलित समुदाय १३.४ प्रतिशत छ भने कुल दलितभित्र मधेशी दलितको हिस्सा ४.९ प्रतिशत छ । जनगणना २०६८ मा १३.८ प्रतिशत रहेको दलित जनसङ्ख्या अहिले केही घटेको देखिए पनि यस समुदायको सामाजिक-आर्थिक सूचकाङ्क भने अझै पिँधमै छ ।

नेपालको समग्र गरिबी १७.४ प्रतिशत रहेकोमा दलित समुदायमा करिब ४२ प्रतिशत मानिस गरिबीको रेखामुनि रहेका छन् । करिब ४० प्रतिशत दलित अझै पनि पूर्ण रूपमा भूमिहीन छन् । आर्थिक अवस्थाको चित्रण गर्ने अर्को सूचक 'औसत वार्षिक आय' हो। नेपालीको राष्ट्रिय वार्षिक औसत आय ८८,७८५ रुपैयाँ हुँदा दलित समुदायमा यो आधाभन्दा पनि कम ३४,१८७ रुपैयाँ मात्र देखिनुले यो समुदाय कति गहिरो आर्थिक संकटमा छ भन्ने प्रष्ट पार्छ ।

### मधेशी दलित: बहिष्करणभित्रको अर्को बहिष्करण

तराई-मधेशका दलितहरूको अवस्था पहाडी दलितको तुलनामा अझै कष्टकर छ । तथ्याङ्क अनुसार मधेशमा पहाडी दलितको साक्षरता दर ७०.३ प्रतिशत रहँदा मधेशी/तराई दलितको जम्मा ४८.१ प्रतिशत मात्र छ। १५ वर्षमाथिको उमेर समूहमा साक्षरता हेर्ने हो भने मधेशी दलित झनै तल (३७.५ प्रतिशत) छन् ।

स्वास्थ्य सेवाको पहुँचमा पनि मधेशी दलित निकै पछाडि छन् । ५७ प्रतिशत दलित महिलाको परिवार नियोजनका साधनमा पहुँच नै छैन भने मात्र ३५ प्रतिशत दलितले मात्र स्वास्थ्य उपचारमा खर्च गर्न सक्ने हैसियत राख्छन् । विद्यालय भर्ना भएका दलित बालबालिकामध्ये जम्मा १.६ प्रतिशतले मात्र प्रवेशिका (एसईई) तह पार गर्ने तथ्याङ्कले हाम्रो शिक्षा प्रणाली र सामाजिक संरचनाको विभेदकारी स्वरूपलाई उजागर गर्दछ ।

### प्रतिनिधित्वको खाडल: जनसंख्या धेरै, सत्तामा पहुच न्यून

संवैधानिक रूपमा समानुपातिक समावेशिताको नारा दिइए पनि राज्यका नीति निर्माण तहमा दलितको प्रतिनिधित्व निराशाजनक छ। वर्तमान २७५ सदस्यीय प्रतिनिधिसभामा जम्मा १७ जना (१ प्रत्यक्ष र १६ समानुपातिक) दलित सांसद छन्। यो जम्मा ६.१८ प्रतिशत मात्र हो, जबकि जनसंख्याका आधारमा यो प्रतिनिधित्व १३.४ प्रतिशतभन्दा बढी हुनुपर्ने थियो।

राज्यका अन्य संयन्त्रमा पनि यही अवस्था छ। समग्र निजामती सेवामा दलितको प्रतिनिधित्व २.५ प्रतिशतभन्दा कम छ । न्यायलयमा यो १ प्रतिशतमा सीमित छ भने सेनामा ८.४ र प्रहरीमा ९.५ प्रतिशतको हाराहारीमा छ । अझ अधिकृतभन्दा माथिल्लो तहमा पुग्दा दलितको उपस्थिति शून्यप्राय: छ । यसले के देखाउँछ भने, कानुनले अधिकार दिए पनि राज्यको संरचनात्मक 'गेटकिपिङ' ले दलितलाई अझै पनि शक्तिबाट बाहिरै राखेको छ ।

### संवैधानिक र कानुनी व्यवस्थाको यात्रा

नेपालमा जात व्यवस्थालाई राजकीय मान्यता दिने काम १९१० को मुलुकी ऐनले गरेको थियो । त्यसको ९० वर्षपछि २०२० सालको मुलुकी ऐनले जातीय भेदभावलाई बर्जित गऱ्यो । २०४७ को संविधानले छुवाछूतलाई दण्डनीय बनायो भने २०६३ जेठ २१ गते नेपाललाई 'जातीय छुवाछूत मुक्त राष्ट्र' घोषणा गरियो ।

वर्तमान संविधानको धारा १८ (समानताको हक), धारा २४ (छुवाछूत तथा भेदभाव विरुद्धको हक), र धारा ४० (दलितको हक) ले दलित समुदायका लागि विशिष्ट र अग्रगामी व्यवस्थाहरू गरेको छ । धारा ४० ले भूमिहीन दलितलाई एक पटक जमिन र आवासविहीनलाई बसोबासको ग्यारेन्टी गरेको छ । तर, संविधानको यो धारामा रहेको 'कानुन बनाएर कार्यान्वयन गरिने' भन्ने प्रावधान नै दलितका लागि 'अवरोध' बनेको छ । धारा २५५ ले राष्ट्रिय दलित आयोगलाई संवैधानिक अंगको रूपमा व्यवस्था गरे पनि यसलाई मुद्दाको अभियोजन र तहकिकात गर्ने अधिकार नदिँदा यो केवल 'सिफारिस गर्ने निकाय' मा खुम्चिएको छ ।

### सर्वोच्चको ऐतिहासिक परमादेश : ७ वर्षदेखिको सरकारी उपेक्षा

दलित अधिकारका सन्दर्भमा राज्य कति उदासीन छ भन्ने सबैभन्दा ठूलो प्रमाण सर्वोच्च अदालतको ७ वर्ष पुरानो आदेश हो । अधिवक्ता प्रकाश नेपालीद्वारा दायर रिट (०७५-WO-०५९९) मा न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र प्रकाशकुमार ढुंगानाको इजलासले २०७७ साल चैत्र ६ गते एउटा ऐतिहासिक निर्देशनात्मक आदेश जारी गरेको थियो ।

अदालतले आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र दलित हक अधिकार कार्यान्वयनको प्रबन्ध मिलाउन उपयुक्त संयन्त्र गठन गर्न सरकारलाई भनेको थियो । आदेशमा दलित समुदायका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरू निर्धारण गरी कार्ययोजना बनाउन, कानुनहरूको पुनरावलोकन गर्न र वार्षिक बजेट विनियोजन गर्न स्पष्ट निर्देशन दिइएको थियो । विडम्बना ! यो आदेश आएको वर्षौं बितिसक्दा पनि कुनै पनि सरकारले यसलाई कार्यान्वयन गर्ने तत्परता देखाएनन् । राज्यले अदालतको आदेशलाई समेत कसरी धोती लगाउँछ भन्ने यो ज्वलन्त र लज्जास्पद उदाहरण हो ।

### थन्किएको संसदीय कार्ययोजना (२०८०-२०८५)

नेपालको संविधानको धारा ८३ र ९७ बमोजिम गठित राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले दलितका सवालमा एउटा महत्वपूर्ण पहलकदमी लिएको थियो । राष्ट्रिय सभाबाट २०७९ चैत्र ८ गते सर्वसम्मत पारित भएको १९ बुँदे संकल्प प्रस्तावलाई कार्यान्वयन गर्न समितिले 'दलितका सवाल सम्बन्धी संकल्प प्रस्ताव कार्यान्वयन कार्ययोजना (२०८०-२०८५)' तयार पारेको थियो ।

तत्कालीन सभापति प्रकाश पन्थको नेतृत्वमा र माननीय भुवन बहादुर सुनारको संयोजकत्वमा गठित उपसमितिले विज्ञहरूको राय सुझाव समावेश गरी यो कार्ययोजना बनाएको थियो । यसले सातवटा मुख्य विषयक्षेत्रलाई समेटेको छ: १. संविधान संशोधन तथा परिमार्जन २. नीतिगत तथा कानुनी सुधार ३. संस्थागत र संरचनागत सुधार ४. नीति, बजेट तथा कार्यक्रमगत सुधार ५. सशक्तीकरण तथा सचेतना ६. सामाजिक अन्तरघुलन र सांस्कृतिक रूपान्तरण ७. कार्ययोजना कार्यान्वयन र अनुगमन ।

'कसैलाई पछाडि नपार्ने' (Leaving No One Behind) भन्ने दिगो विकास लक्ष्यको मूल मर्मलाई आत्मसात गरिएको यो कार्ययोजनाको आयु अब २ वर्ष मात्र बाँकी छ । तर, दुर्भाग्य ! सरकारले नै बनाएको र संसदले अनुमोदन गरेको यो कार्ययोजनाका लागि राज्यले आवश्यक बजेट विनियोजन गरेन ।

### संसदीय प्रतिवेदन २०८१: राष्ट्रिय दलित विकास प्राधिकरणको आवश्यकता

संघीय संसदको राष्ट्रिय सभा अन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन समिति' ले २०८१ मंसिर ४ गते एउटा ऐतिहासिक प्रतिवेदन प्रस्तुत गरेको छ । यस प्रतिवेदनले दलित समुदायको परम्परागत सीप, ज्ञान र कलालाई राष्ट्रिय पहिचानका रूपमा स्वीकार गर्दै यसको संरक्षणका लागि छुट्टै कानुनी व्यवस्थाको वकालत गरेको छ । प्रतिवेदनले संविधानको धारा ४० लगायतका मौलिक हक कार्यान्वयनका लागि हालसम्म बनेका १६ वटा कानुनहरू अपूर्ण रहेको निष्कर्ष निकाल्दै समानता र सामाजिक न्याय सुनिश्चित गर्न 'एकीकृत दलित अधिकार ऐन' को मस्यौदा समेत अघि सारेको छ ।

प्रतिवेदनले संवैधानिक अंगका रूपमा रहेको राष्ट्रिय दलित आयोग कार्यकारी भूमिकामा नभएको र विगतका विकास समितिहरू निष्क्रिय पारिएकाले दलित समुदायका लागि 'प्रशासकीय शून्यता' सिर्जना भएको औंल्याएको छ । यस समस्याको समाधानका लागि ६० लाख दलित समुदायको उत्थान र सशक्तीकरण गर्न शक्तिशाली र अधिकार सम्पन्न 'राष्ट्रिय दलित विकास प्राधिकरण' गठन गर्नुपर्नेमा समितिले विशेष जोड दिएको छ । यो प्राधिकरणले छरिएर रहेका दलित लक्षित कार्यक्रमहरूलाई एकीकृत गर्ने र राज्यको मूलधारमा यो समुदायको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

सरकारले पनि चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट (बुँदा नं. २१३) मार्फत यस्तो प्राधिकरण गठन गर्ने घोषणा गरिसकेको छ । यसका लागि सरकारले २० करोड रुपैयाँ बजेट समेत विनियोजन गरेको सन्दर्भमा, यो प्रतिवेदनले प्राधिकरणलाई तत्काल कानुनी रूप दिई कार्यान्वयनमा लैजान सरकारलाई घच्घच्याएको छ । राष्ट्रिय सभाबाट पारित १९ बुँदे संकल्प प्रस्तावको सफल कार्यान्वयन र प्राधिकरणको स्थापना नै दलित अधिकारको वास्तविक ग्यारेन्टी हुने प्रतिवेदनको मुख्य सार रहेको छ ।

### रास्वपा र बालेन नेतृत्वको सरकारका चुनौती

रास्वपाले आफ्नो वाचापत्रमा दलित समुदायले भोग्दै आएको संरचनात्मक अवरोधलाई स्वीकार गर्दै नयाँ सरकारको पहिलो सम्बोधनमै 'औपचारिक रूपमा क्षमायाचना' गर्ने घोषणा गरेको छ । बुँदा ८० मा दलित उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण र वैदेशिक रोजगारबाट फर्केकाहरूलाई विशेष अनुदान दिने उल्लेख छ । मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकले शासकीय सुधारसम्बन्धी कार्यसूची स्वीकृत गर्ने क्रममा १५ दिनभित्र औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने निर्णयलाई धेरैले सकारात्मक रूपमा लिएका छन् ।

तर, प्रश्न उठ्छ– के यो माफीले मात्र शताब्दीयौंदेखिको पीडा र वञ्चितीकरणलाई सम्बोधन गर्छ ? क्यानडा, अष्ट्रेलिया र न्युजिल्याण्ड जस्ता देशहरूले आफ्ना उत्पीडित समुदायसँग माफी माग्दा त्यसलाई 'ऐतिहासिक मेलमिलाप' र 'ठूलो आर्थिक क्षतिपूर्ति' सँग जोडेका छन् । नेपालमा पनि यो माफी 'क्षतिपूर्ति सहितको माफी' हुनुपर्छ । अन्यथा यो अर्को एउटा राजनीतिक स्टन्ट वा 'नौटंकी' मात्र ठहरिने जोखिम रहन्छ ।

### अबको बाटो : शब्द होइन, ठोस कार्ययोजना

रास्वपा र बालेन नेतृत्वको सम्भावित सरकारले दलित अधिकारका सम्बन्धमा कुनै पनि ऐतिहासिक निर्णय लिँदा निम्न बुँदाहरूलाई प्राथमिकतामा राख्नु अनिवार्य छ । अब बन्ने भनिएको नयाँ सरकारले साँच्चै दलितको हित चाहन्छ भने निम्न कामहरू प्राथमिकतामा राख्नुपर्छ:

**सर्वोच्चको आदेश कार्यान्वयन**: सर्वोच्च अदालतले २०७७ चैत्र ६ गते जारी गरेको निर्देशनात्मक आदेश (परमादेश) अनुसार ३ महिनाभित्रै दलित हक कार्यान्वयनका लागि एक शक्तिशाली संयन्त्र गठन गरी ठोस कामको सुरुवात गर्ने ।

**बजेटरी ग्यारेन्टी**: राष्ट्रिय सभाबाट पारित 'दलितका सवाल सम्बन्धी संकल्प प्रस्ताव कार्यान्वयन कार्ययोजना (२०८०-२०८५)' का लागि राज्यले तत्काल आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा लैजाने ।

**एकीकृत दलित अधिकार ऐन**: संविधानको धारा २४ र ४० को प्रभावकारी कार्यान्वयनका लागि छुट्टाछुट्टै र छरिएका कानुनभन्दा पनि सबै पक्षलाई समेट्ने गरी 'एकीकृत दलित अधिकार ऐन' निर्माण गर्ने ।

**भूमिहीनताको अन्त्य**: संविधानको धारा ४० को व्यवस्था बमोजिम भूमिहीन र आवासविहीन दलितको वास्तविक लगत संकलन गरी उनीहरूलाई जमिन उपलब्ध गराउने प्रक्रिया तत्काल थाल्ने ।

**विशेषाधिकार र क्षतिपूर्ति**: ऐतिहासिक अन्यायको क्षतिपूर्ति स्वरूप दलित समुदाय अरु सरह समान सामाजिक-आर्थिक अवस्थामा नपुग्दासम्म राज्यका हरेक क्षेत्रमा उनीहरूको 'विशेषाधिकार' सुनिश्चित गर्ने ।

**निर्णय प्रक्रियामा मधेशी दलितको अनिवार्यता**: दलित अधिकारका क्षेत्रमा गरिने कुनै पनि नीतिगत निर्णयमा केवल 'दलित' मात्र नभई दलितभित्रको पनि अति सीमान्तकृत 'मधेशी दलित' समुदायलाई निर्णय प्रक्रियाको केन्द्रमा राखिनुपर्छ ।

**प्रतिनिधित्वको गम्भीर खाडल सम्बोधन**: जनगणना २०७८ अनुसार मधेशी दलितको जनसङ्ख्या कुल दलितको झण्डै एक-तिहाइ (४.९ प्रतिशत) छ । यति ठूलो हिस्सा हुँदाहुँदै पनि वर्तमान प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व 'शून्य' रहनु लोकतन्त्रका लागि चुनौतीपूर्ण छ । यो खाडललाई अर्थपूर्ण सहभागितामार्फत पुरा गर्नुपर्छ ।

**विशिष्ट समस्याको पहिचान**: प्रतिनिधिसभामा प्रतिनिधित्वविहीन रहेको यो अवस्थामा मधेशी दलितका विशिष्ट समस्या, भाषा, संस्कृति र आवश्यकतालाई सम्बोधन गर्न राज्यले विशेष र छुट्टै प्याकेजको पहल गर्नुपर्छ ।

**संरचनागत सहभागिता**: 'राष्ट्रिय दलित विकास प्राधिकरण' जस्ता नयाँ संरचनाहरू निर्माण गर्दा मधेशी दलितको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ । नीति निर्माण तहमा उनीहरूको उपस्थिति नहुँदा मुसहर, डोम, चमार, तत्मा जस्ता अति पिछडिएका समुदायका वास्तविक मुद्दाहरू ओझेलमा पर्ने खतरा रहन्छ ।

**समावेशी लोकतन्त्रको सच्चा अभ्यास**: सरकारले घोषणा गर्ने 'माफी' र 'सुधारका कार्यक्रम' केवल औपचारिकतामा सीमित नभई मधेशी दलितलाई प्रत्यक्ष निर्णय प्रक्रियामा सामेल गराएर मात्र समावेशी लोकतन्त्रको सच्चा अभ्यास र न्यायको अनुभूति गराउन सकिन्छ ।

**अन्तयमा,**

नेपालमा दलित अधिकारका लागि कानुनको अभाव कहिल्यै रहेन । २०२० सालको मुलुकी ऐनदेखि २०६३ को छुवाछूत मुक्त राष्ट्र घोषणा र २०७२ को संविधानसम्म आइपुग्दा हामीसँग दस्तावेजका चाङ छन् । तर, कमी छ त केवल इमानदारिताको । रास्वपाले आफ्नो वाचापत्रमा देखाएको तत्परता स्वागतयोग्य छ । तर, यदि यो सरकारले पनि विगतकै सरकारहरूले जस्तै सर्वोच्चको आदेश र संसदीय कार्ययोजनालाई दराजमा थन्क्याएर केवल 'माफी' को प्रहसन मात्र गऱ्यो भने, यसले दलित समुदायमा अझ ठूलो आक्रोश र निराशा पैदा गर्नेछ ।

२१औं शताब्दीमा, राणा शासन अन्त्य भएको ७५ वर्ष र गणतन्त्र घोषणा भएको १८ वर्षपछि पनि राज्यले माफी मात्र माग्नु पर्याप्त छैन । अबको बाटो औपचारिक 'माफी' बाट सुरु भएर 'पूर्ण न्याय, समतामूलक सहभागिता र सामाजिक पुनर्स्थापना' मा टुंगिनुपर्छ । रास्वपाको सरकारले दलित अधिकारको क्षेत्रमा साँचो अर्थमा 'नीतिगत प्रस्थान' गर्छ कि गर्दैन, त्यो हेर्न बाँकी नै छ । दलित समुदायले अब उधारो आश्वासन होइन, आफ्नै जीवनमा महसुस गर्न सकिने न्याय खोजेका छन् । *(स्रोत: अनलाईनखबर)*

# पढ्दै कृषक तथा व्यवसायी बनेका पञ्चलाल

नानीमाया सापकोटा

हेटौंडा: मकवानपुर उद्योग वाणिज्य संघद्वारा आयोजित बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी २०८२ मा सहभागीमध्ये एक स्टलमा आधुनिक कृषिमा प्रयोग हुने कृषि औजार तथा महलगायतका सामग्रीहरु प्रदर्शनीमा राखिएको छ। सोही स्टलमा कुरेर बसिरहेका युवा कृषक तथा व्यवसायी हेटौंडा-१३ निवासी पञ्चलाल वाइबा हुन्। २९ बर्षीय पञ्चलालले अहिले कृषि फार्ममात्र सञ्चालन गरेका छैनन्, कृषिमा आधुनिक प्रविधिका सामग्रीहरुको बेचबिखन तथा मर्मत सेवासमेत दिने काम गर्छन्। उनले साझदारी आधुनिक कृषि फार्म मार्फत प्राकृतिक रुपमा पारम्परिक खेती तथा उत्पादनलाई अघि बढाएका छन् भने उनको माँ आर्यतारा एग्रिकल्चर मार्फत कृषिलाई आधुनिक औजार तथा प्रविधि बेचबिखन र मर्मत सेवा प्रदान गर्दै आइरहेका छन्।

पञ्चलालले कृषि पेसा सुरु गरेको एक दशक हुन लागिसकेको छ। २०७३ सालदेखि नै उनले कृषि पेसा सुरु गरेका थिए। हेटौंडामा बसेर कक्षा १२ मा पढ्दै गर्दा पालुङमा रहेकी आमाको हात भाँचियो। कक्षा १२ को परीक्षा दिएर ६ महिना खाली समय खेतीमा अभिभावकलाई सहयोग गरेर बिताए। यहि सहयोग नै पछि गएर उनलाई कृषक बन्न प्रेरणा बन्यो।

आफ्नो परिवार खेतीपातीबाटै धानिँदै आएको भन्ने बुझेका पञ्चलालले कृषिलाई आधुनिक तरिकाले गर्न सके भविष्य निर्माण गर्न सकिन्छ भन्ने सोचेर हेटौंडा-१३, पदमपोखरीमा आफ्नै परिवारको १०




कृषक पञ्चलाल

कठ्ठा जग्गामा साझेदारी आधुनिक कृषि फार्म खोली गोलभेंडा खेती गरे। त्यसबेला उनी हेटौंडा-१० स्थित नारायणी कलेजमा व्यवस्थापन संकायमा स्नातक अध्ययन सुरु गरेका थिए। उनले गोलभेंडा खेतीलाई टनेल तथा थोपा सिँचाइबाट आधुनिक बनाएका थिए। यसबाट राम्रै आम्दानी भइरहेको थियो।

दुई वर्षपछि खेती गरिरहेको जग्गा अंशबण्डामा परेपछि खेती रोकियो। उक्त जग्गामा खेती रोकिए पनि उनी भने रोकिएनन्। उनले सोही फार्म स्थानान्तरण गरी हेटौंडा-६ स्थित चुच्चेखोलामा सारेर पुन: गोलभेंडा र खुर्सानी खेती सुरु गरे। यो खेतीबाट पनि उनले राम्रो नतिजा पाए। तीन कठ्ठामा लगाएको गोलभेंडा र खुर्सानी बेचेर एकै वर्षमा ६ लाख बढी आम्दानी गरे। खेती गरिरहेको जग्गाको अवस्था चित्त नबुझेपछि उनले फेरि फार्मलाई सारेर हेटौंडा-९, लामसुरे पुऱ्याए। उनले त्यहाँ ५ वर्ष नाफामै फार्म सञ्चालन गरिरहे। ५ वर्षपछि उनलाई फार्मको दायरा बढाएर काम गर्ने इच्छा भयो। ठूलो क्षेत्रमा फार्म सञ्चालन गर्नकै लागि तीन वर्षअघि हेटौंडा-१२, आलदमारमा आफ्नो साझेदारी फार्म सारे।

आलदमारमा फार्म सारेपछि उनले ५० कठ्ठा अर्थात् साँढे दुई बिगाहा जग्गा भाडामा लिई काम सुरु गरे। सुरुमा उनले ३ वटा टनेल बनाएर सयपत्री फूलको मात्र खेती गरे। हाल उनको यसपत्री फूलको टनेलको संख्या १६ वटा पुगिसकेको छ, जहाँ १२ महिना नै सयपत्री फूलको खेती हुन्छ। सयपत्री फूलमात्र बेचेर नै पञ्चलालले बार्षिक ८ देखि ९ लाख आम्दानी गर्ने गर्दछन्।

फूल खेती हुने १६ वटा टनेलहरु मध्ये ७ वटा टनेल कृषि ज्ञान केन्द्र चितवन र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट ५० प्रतिशत अनुदानमा प्राप्त भएका हुन्। अघिल्लो वर्ष उनले पारस्परिक कृषि उत्पादनमा आधारित भएर बहुउत्पादन सुरु गरे। उनले यस वर्ष मौरी पालन र मेवा खेती सुरु गरे। 'सयपत्री फूल बाह्रै महिना फुलिरहने भएकोले सँगै मौरी पाल्दा राम्रो हुन्छ भन्ने सोचेर मौरी पालन पनि सुरु गरेको हुँ', उनी भन्छन्- 'धेरै त होइन वर्षको करिब ६० केजी मह उत्पादन हुन्छ। प्रतिकेजी ८ सयदेखि एक हजारसम्म बिक्री हुन्छ। त्यसैले महको कमाइ भने वार्षिक लाखभन्दा कमै हुन्छ।' उनले अघिल्लो वर्ष नै ५० बोट मेवा रोपेर परीक्षण सम्पन्न गरेका थिए। सो परीक्षणमा राम्रो नतिजा आएपछि यसवर्ष २ सय बोट थप मेवाका बिरुवा रोपेका छन्। नयाँ भएकोले हालसम्म उनले मेवाको आम्दानी भने लिन पाएका छैनन्।

सधैंभरी खेतीमै ध्यान दिने वाइबाले लामसुरेमा फार्म सञ्चालन गर्दा अन्य कृषकहरु पनि प्रविधिबारे सोधीखोजी गर्दै उनीकहाँ धाउने गरेपछि माँ आर्यतारा एग्रिकल्चर कम्पनी खोलेर कृषि सामग्री तथा उपकरण बेच्ने र टनेल, थोपा सिँचाइलगायतका प्रविधि तयार पार्ने सेवा दिन थाले। त्यतिबेला ३ लाखबाट सुरु गरेको कृषि प्रविधि व्यवसायमा अहिले लाखौं मूल्य पर्ने उपकरण तथा यन्त्रहरु पनि बेच्ने गरेको वाइबा बताउँछन्। उनको यो पसलमा थोपा सिँचाई, आधुनिक टनेल तथा नर्सरीका सामग्रीहरु उपलब्ध रहेका छन्।

फूल खेती सँगसँगै मौरी पालन तथा मेवा खेती गर्दा आफूलाई रमाइलो लागेको बताउने पञ्चलाल अब भने फार्महरु नथप्ने र भइरहेका फार्ममा नयाँ प्रविधि र नयाँ प्रणालीहरु भित्र्याउनमा जोड दिने बताउँछन्। तीन वर्षअघि बिहे गरेका पञ्चलालले श्रीमतीको पनि आफ्नो कर्ममा साथ पाइरहेका छन्। कृषि पेसा राम्रो उपार्जनसहितको व्यवसाय बन्छ भन्नेमा युवाहरु अझै ढुक्क हुन नसकेकोमा उनलाई चिन्ता लाग्छ। कृषि पेसालाई पिछडिएको र गरिबीको पेसाको रुपमा समाजको बुझाई उनलाई चित्त बुझ्दैन। पञ्चलालको अनुभवमा कृषि पेसालाई समयसापेक्ष प्रविधिमा ढाल्दै धैर्यतापूर्वक निरन्तर मिहिनेत गर्ने हो भने यो अरु पेसाभन्दा उत्कृष्ट छ।

## सांसदहरुलाई...

कार्यालयसँग समन्वय गरियोस्।

बालेन्द्र यही चैत १३ गते प्रधानमन्त्री भएका हुन्। प्रधानमन्त्री बनेको तीन दिन पछाडि नै सांसदहरूलाई बोलाएर प्रधानमन्त्री बालेन्द्रले सरकार जनप्रतिनिधिहरुसँग संवादमा रहेको सन्देश प्रवाह गरेका हुन्। साथै प्रधानमन्त्री बालेन्द्रले आफ्नो कामको स्पिरिट के हो भनेर स्वयम सांसदहरूलाई नै सन्देश दिने प्रयास गरेका छन्। 'पहिलो वर्ष शासकीय सुधारमै जोड रहनेछ', प्रधानमन्त्री बालेन्द्रको भनाइ उद्घृत गर्दै नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेश मल्लले भने।

यही चैत १९ गतेबाट संघीय संसद्को अधिवेशन पनि शुरु हुँदैछ। संसद्मा प्रि-बजेट छलफल गर्ने अभ्यास छ। जेठ १५ गते आगामी आर्थिक बर्षको बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ। सरकार बजेट निर्माणको तयारीमा जुटिसकेको सन्देश पनि प्रधानमन्त्री बालेन्द्रले दिएका छन्। सांसदहरूले विगतमा बजेट वितरण असमान हुने गरेको भनेर उठेका प्रश्न र गूनासालाई ख्याल गर्न प्रधानमन्त्रीलाई सुझाएका छन्। जवाफमा प्रधानमन्त्री बालेन्द्रले पनि बजेट वितरणमा अन्याय नगरिने र तत्काल केही समस्या समाधान गर्नुपर्ने भए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्न आग्रह गरेका छन्।

यसबाहेक सांसदहरुले उठाएका कतिपय विषयमा भने प्रधानमन्त्री बालेन्द्र मौन रहे। खासगरी नेकपा एमालेका सांसदहरूले पार्टी अध्यक्ष केपी शर्मा ओलीको पक्राउको विषयमा प्रश्न उठाएका थिए। अध्यक्ष ओलीलाई प्रतिशोध साँधेर पक्राउ गरिएको भन्ने विषयमा प्रधानमन्त्री बालेन्द्र मौन रहे। सांसदहरूले सांसदहरूका लागि स्वकीय सचिव आवश्यक रहेको विषय पनि उठाए। सांसद सबै क्षेत्रको विज्ञ हुन नसक्ने भएकाले पनि स्वकीय सचिव आवश्यक रहेको सांसदहरूको भनाइ थियो। यसमा पनि प्रधानमन्त्री बालेन्द्र मौन रहे। *स्रोत : अनलाइनखबर।*

# प्रदेशस्तरीय कृषि प्रदर्शनी सम्पन्न

समाज संवाददाता

हेटौँडा: प्रथम 'बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी' सम्पन्न भएको छ। हेटौँडामा भएको प्रदर्शनीमा राखिएका स्टलहरुबाट ५ लाखभन्दा बढीको कारोबार भएको आयोजकले जनाएको छ।

मकवानपुर उद्योग वाणिज्य संघको आयोजना र हेटौँडा उपमहानगरपालिकाको सहकार्यमा शुक्रबारदेखि हेटौँडा-२ स्थित पल्पसा सदनमा सुरु भएको प्रदर्शनी सोमबार सम्पन्न भएको छ। सोमबार मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको सभाध्यक्षतामा भएको प्रशर्दनीको समापन कार्यक्रममा नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो। प्रदर्शनीमा प्रदेशका सिन्धुली, रामेछाप, काभ्रे, काठमाडौं, चितवन र मकवानपुरका कृषक तथा कृषि उद्यमीहरूले ४० वटा स्टलहरु राखेका थिए।

प्रदर्शनीमा स्टल नि:शुल्क गरिनुका साथै टाढाबाट आउनेलाई संघले खाना र बासको पनि व्यवस्था मिलाएको थियो। स्टलहरु व्यवस्थापन गर्दा कुल ७ लाख रुपैयाँ लागत लागेको महासंघले जनाएको छ। प्रदर्शनी आयोजना गर्न बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले हेटौँडा उपमहानगरपालिकामार्फत ५ लाख रुपैयाँ उपलब्ध गराएको थियो भने बाँकी खर्च संघले आफैं व्यवहोरेको छ।

प्रदर्शनीका स्टलहरुमध्ये ३ वटालाई उत्कृष्ट उद्यमीको रुपमा नगदसहित सम्मान गरिएको छ। सम्मानित हुनेमा राष्ट्रिय कृषक समूह महासंघ मकवानपुर, मकवानपुगढी अपाङ्गता तथा विपन्न कृषि सहकारी र बुँदेल सामुदायिक महिला बेसार उद्योग रहेका छन्। प्रदर्शनीमा राखिएका स्टलहरूबाट विषादीरहित जैविक खाद्यान्न कोदो, जुनेलो, फापर, मकैको पिठो, विभिन्न गेडागुडी, मसला, केराको चिप्स र अचारजस्ता खाद्य सामग्रीका साथै बाटेको धुप, गोबरबाट निर्मित दियो र गाँजाको रेशाबाट निर्मित कपडाहरू बिक्री वितरण गरिएको थियो। प्रदर्शनी स्थलमा आयोजकले शनिबार किसानको सफलताको कथा र आइतबार कृषिसम्बन्धी प्यानल छलफल कार्यक्रमसमेत आयोजना गरेको थियो।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख लामाले कृषि अनुदान कार्यक्रम अन्तर्गत पाएका अनुदान कृषकले सदुपयोग कि दुरुपयोग के गरेको छ ? भनेर अनुगमन गर्न उद्योग वाणिज्य संघलाई आग्रह गर्नुभयो। साथै कृषिलाई प्रोत्साहन गर्न संघले स्थायी स्टल राखेर किसानका उत्पादनलाई व्यवस्थापन गर्न सुझावसमेत दिनुभयो। कार्यक्रममा हेटौँडा-११ का वडाध्यक्ष जुना दहाल, मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्ण कटुवाललगायतको आतिथ्य रहेको थियो।

# सहकारी दिवसमा विविध कार्यक्रम हुने

समाज संवाददाता

हेटौँडा : उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता' भन्ने नाराका साथ ६९औं राष्ट्रिय सहकारी दिवस वागमती प्रदेशको राजधानी हेटौँडामा विभिन्न कार्यक्रम गरी मनाइने भएको छ। मकवानपुरमा राष्ट्रिय सहकारी दिवस मनाउनका लागि मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ।

समितिको सदस्यहरुमा जिल्ला सहकारी संघका सञ्चालक समितिका पदाधिकारीहरु, विषयगत सहकारी संघका अध्यक्ष लगायत पदाधिकारीहरु, जिल्ला स्थित सहकारी संस्थाका अध्यक्षहरु रहनेछन्। मूल समारोह समितिको सल्लाहकारमा बागमती प्रदेश सहकारी तथा गरिवी निवारण मन्त्रालयका निमित्त सचिव उमेश दाहाल, राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्साल रहेका छन्। समितिको आयोजना मकवानपुर जिल्ला सहकारी संघ लगायत जिल्लास्थित विषयगत सहकारी संघहरुको सहकार्य र बागमती प्रदेश सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा विभिन्न रचनात्मक कार्यक्रमहरुसहित मनाइने मूल समारोह समितिले जनाएको छ।

सहकारी दिवसको अवसरमा चैत्र १४ गतेदेखि यसवर्षको नारा सहकारी दिवसको नार 'उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता' सहित सहकारी दिवस सम्बन्धी व्यानर सहकारी संघ संस्थाको कार्यालयमा राख्ने, मूल कार्यक्रम अन्तर्गत बागमती प्रदेशको राजधानी हेटौँडामा चैत्र १८ गते हेटौँडाको बुद्धचोकमा बिहान ७ बजेदेखि रक्तदान कार्यक्रम, १९ गते बिहान ७ बजेदेखि हेटौंडाको चौकीटोलमा रहेको हिमालयन दरबारमा 'सहकारी संरक्षण र सम्वर्द्धनमा अभियान र नियमकीय भूमिका' विषयक अन्तरसंवाद कार्यक्रम आयोजना गरिने समितिले जनाएको छ। अन्तरसंवाद कार्यक्रममा मकवानपुर जिल्लाका विभिन्न सहकारी संघ, संस्थाका करिव २५० जना भन्दा बढी अध्यक्ष, व्यवस्थापकको सहभागिता रहनेछ।

यस्तै सहकारी दिवस अन्तर्गत चैत्र २० गते बिहान ७ बजे हेटौँडाको हुप्रचौरबाट प्रभातफेरी सुरु गरी हिमालयन दरबारमा सहकारी दिवस समारोह हुनेछ भने साँझ जिल्लाभरका सहकारी संघ, संस्थाको कार्यालय परिसरमा दिपावली गरिने सहकारी दिवस मूल समारोह समितिले जनाएको छ।

# मामाघरलाई ७० हजार रुपैयाँ सहयोग



मामाघर नेपालका सहयोगीलाई आभारपत्र प्रदान गरिँदै।

समाज संवाददाता

हेटौंडा : हेटौँडा-११, डाङ्डुङेस्थित मामाघर नेपाललाई पछिल्लो समय विभिन्न व्यक्तिहरुले जन्मदिन, पूण्यतिथि, विवाह वर्षगाँठ तथा विशेष अवसरमा सहयोग गर्दै आएका छन्। सडक बालबालिकाको उद्दार, संरक्षण र पारिवारमा पुनर्मिलन कार्य गर्दै आएको मामाघर नेपाललाई चैत १ गतेदेखि १५ गतेसम्म ७० हजार ३५५ रुपैयाँ प्राप्त भएको छ।

सामुदायिक प्रहरी सेवा केन्द्र थानाभञ्ज्याङका अध्यक्ष देव कुमार श्रेष्ठले आफ्नो जन्मदिनको अवसरमा मामाघरलाई ३ हजार ५ सय रुपैयाँ सहयोग गर्नुभएको छ। हेटौंडा-४ निवासी किरण सेनले आफ्नो जन्मदिनको अवसरमा ५ हजार नगदसहित भान्जाहरुका लागि बेलुकीको खाना, हाम्रो जन्मभूमि सामाजिक संस्थाको ९०औं कार्यक्रम अन्तर्गत ११ हजार ५ रुपैयाँ सहयोग गर्नुहुँदै भान्जाहरुका लागि बेलुकीको खाना सेवा सहयोग गर्नुभएको थियो। काठमाडौ विश्वविद्यालय धुलिखेलमा एमविविएस तेस्रो वर्षमा अध्ययनरत पश्चिम नवलपरासीका नोबेल न्यौपानेले आफ्नो ब्रतबन्धमा प्राप्त दक्षिणा मध्ये ५ हजार ३ सय रुपैयाँ सहयोग गर्नु भएको छ।

हेटौंडा निवासी अदिस घिसिङले आफ्नो जन्मदिनको अवसरमा स्टेसनरी सामग्री र खाजा, मकवानपुरको भिमफेदी गाउँपालिका-२ निवासी नवीन राना मगरले आफू वैदेशिक यात्रामा जाँदै गर्दा वार्षिक परीक्षाका लागि आश्रित बालकहरुका लागि अति आवश्यक स्टेशनरी, नवराज पण्डितले छोरी प्राप्ति ढुंगेलको जन्मदिनको अवसरमा स-परिवार उपस्थित हुनुहुँदै भान्जाहरुका लागि बेलुकीको खाजा तथा खाना सेवा सहयोग गर्नुभएको छ। हेटौंडा-१९ घर भई हाल बेलायत रहनु भएका सौजन्य रिमालले आफ्नो जन्मदिनको अवसरमा बिहानी खाजा सेवा (ब्रेड, बिस्कुट र दुध), हेटौंडा-७ निवासी सुरज श्रेष्ठ र देउकी श्रेष्ठ वैवाहिक बन्धनमा बाँधिनु भएको सुखद् अवसरमा ५ हजार ५०, हेटौंडा-१६ निवासी बन्दना सापकोटा र सरोज न्यौपानेले छोरा सवल न्यौपानेको जन्मदिनको अवसरमा मामाघरलाई ६ हजार, प्रमोद पराजुली, यादव भट्टराई र सुमन पराजुलीले मामाघरको अवलोकन गर्नु हुँदै मामाघर नेपाललाई नगद १० हजार रुपैयाँ, हेटौँडा-४ घर भई हाल जर्मनी बस्नुहुने रितु अधिकारीले आफ्नो पारिश्रमिकको अंश नगद १८ हजार र मनकामनामाई बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७ औं स्थापना दिवसको अवसरमा नगद ६ हजार ५ सय उपलब्ध गराउनु हुँदै भान्जाहरुका लागि बेलुकी खाना सेवा सहयोग गर्नु भएको छ।







## सेनेटरी प्याड (SANITARY PAD) खरिद सम्बन्धी

### कोटेशन आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/१२/१७*

मिति २०८२/११/२९ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयमा अध्ययनरत छात्राहरुलाई नि: शुल्क सेनेटरी प्याड उपलब्ध गराउने प्रयोजनको लागि आवश्यक सेनेटरी प्याड सिलबन्दी दरभाउपत्रको माध्ययमबाट खरिद गर्नुपर्ने भएको हुँदा उक्त कार्यको लागि इजाजत प्राप्त उद्योग, फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुकहरुबाट तोकिएको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| विवरण | फारम दस्तुर फाराम | बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|
| सेनेटरी प्याड (SANITARY PAD) खरिद | ५००/- | २०८३/०१/०१ | २०८३/०१/०६ | क) तोकिएको मिति र समय पश्चात प्राप्त भएका फारमहरु स्वीकार गरिने छैन।<br>ख) सिलबन्दी फारम पेश गर्ने दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा ती कार्यहरु त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।<br>ग) थप जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क राख्न सकिने छ। |

**श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
हेटौँडा-४, मकवानपुर
फोन नं. ०५७ ५२०४२०



## चमेना गृह (CANTEEN) सञ्चालन सम्बन्धी

### कोटेशन आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/१२/१७*

मिति २०८२/११/२८ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयमा चमेना गृह (CANTEEN) सञ्चालन सिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएको हुँदा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका व्यवसाय सञ्चालन गर्न इच्छुक दर्तावाला फर्म तथा व्यवसायीहरुबाट तोकिएको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| विवरण | फारम दस्तुर फाराम | बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|
| चमेना गृह (CANTEEN) सञ्चालन | ५००/- | २०८३/०१/०१ | २०८३/०१/०३ | क) तोकिएको मिति र समय पश्चात प्राप्त भएका फारमहरु स्वीकार गरिने छैन।<br>ख) सिलबन्दी फारम पेश गर्ने दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा ती कार्यहरु त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।<br>ग) थप जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क राख्न सकिने छ। |

**श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
हेटौँडा-४, मकवानपुर
फोन नं. ०५७ ५२०४२०



## श्री प्रगति माध्यामिक विद्यालय

हेटौडा-९, मकवानपुर

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*(सूचना प्रकाशित मिति २०८२/१२/१७)*

वोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिल ठेक्काको लागि म्याद भित्र दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ तथा Bid Document को Evaluation and Qualification Criteria बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रहरु मध्यबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न अनुसारको वोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सबै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|---|
| ०१/Civil/Pragati/०८२/८३ | Building Construction for Computer Lab with Equipment New S and S | Nirman Sewa, Hetauda-१३ | ३२,२२,०६७.४८ |

**प्रधानाध्यापक**



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

पद : पत्रिका वितरक।
संख्या : ३ (तीन) जना।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म।
पारिश्रमिक : संस्थाको नियमानुसार।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**

# प्रधानमन्त्री कपमा मधेश प्रदेशको ह्याट्रिक जित




*प्लेयर अफ द म्याच घोषित भएका मधेश प्रदेशका आशिष बैठालाई ट्रफी हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : जारी पुरुष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ मा मधेश प्रदेशले ह्याट्रिक जित निकालेको छ। सोमबार भएको खेलमा कर्णाली प्रदेशलाई पराजित गरेसँगै मधेशले जारी प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गरेको छ ।

सोमबार जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा मधेशले कर्णालीलाई ५ विकेटले पराजित गरेको हो । टस जितेर पहिले व्याटिङ रोजेको कर्णाली प्रदेश ३१ ओभर २ बलमा १२९ रनमा अलआउट भएको थियो । कर्णालीका लागि ओपनर रविन्द्र जंग शाहीले सर्वाधिक ४० रन बनाउँदा अर्का व्याटर अर्जुन घर्ती मगरले २४ रन बनाएर आउट भए । मधेश प्रदेशका आशिष बैठाले ४ विकेट, विशाल यादव र अरनिको प्रसाद यादवले समान २ विकेट लिएका थिए ।

१३० रनको लक्ष्य पछ्याएको मधेश प्रदेशले २४ ओभर ५ बलमा ५ विकेट गुमाएर लक्ष्य भेटाएको हो । मधेशका ओपनर मयन यादवले २४ रन र निरज कुमार यादवले ३८ रन बनाए । अरनिको प्रसाद यादवले अविजित ३२ रनको योगदान गरे । कर्णालीका दिपेन्द्र रावतले ३ विकेट, कप्तान दिवान पुन र प्रकाश जैसीले समान १ विकेट लिए । मधेश प्रदेशका आशिष प्लेयर अफ द म्याच घोषित भए ।

यस्तै, विरगंजको नारायणी रङ्शालामा सोमबार नै भएको अर्को खेलमा सुदूरपश्चिम प्रदेशले लुम्बिनी प्रदेशलाई १२ रनले पराजित गरेको छ । लुम्बिनी प्रदेशले टस जितेर पहिले बलिङ रोजेको थियो । टस हारेर पहिले व्याटिङको निम्तो पाएको सुदूरपश्चिम प्रदेशले ४५ ओभर ४ बलमा १६८ रनमा अलआउट भएको थियो । सुदुरपश्चिमका लागि दीपक बोहराले ३० रन, हेमन्त धामीले २९ रन र किरण ठगुन्नाले २० बनाएका थिए । कर्णालीका सन्तोष यादव र अजय चौहानले समान ४ विकेट लिए ।

१६९ रनको लक्ष्य पछ्याइरहेको लुम्बिनी प्रदेश १५६ रनमै रोकियो । लुम्बिनीले ४० ओभर २ बलमा १५६ रनमा अलआउट भयो । लुम्बिनका लागि उत्कृष्ट बलिङ गरेका सन्तोष यादवले व्याटिङमा राम्रो प्रदर्शन गरे । यादवले सर्वाधिक ६७ रन र दर्शन सुनारले ३६ रन बनाए । लुम्बिनीका अन्य व्याटरले भने राम्रो प्रदर्शन गर्न सकेनन् । सुदूरपश्चिमका कप्तान शेर मल्ल र खडक बोहराले समान ३ विकेट लिदा हेमन्त धामीले पनि २ विकेट लिए । सुदूरपश्चिमका खडक बोहरा प्लेयर अफ द म्याच घोषित भए ।

जारी प्रतियोगितामा ४ खेलबाट ७ अंक जोडेका मधेश प्रदेश विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई उछिन्दै अंक तालिकाको शीर्षस्थानमा उक्लिएको छ भने समान खेलबाट ६ अंक जोड्न सफल सुदुरपश्चिम प्रदेश तेस्रो स्थानमा रहेको छ । यस्तै, ४ खेलबाट समान ३/३ अंक जोडेका लुम्बिनी र कर्णाली अंक तालिकाको क्रमशः पाँचौं र छैठौं स्थानमा रहेको छ । प्रतियोगितामा १० वटा टोली सहभागी छन् ।

# सुविधा थप गरेर नयाँ भवनबाट डायलाइसिस सेवाको तयारी

समाज संवाददाता

हेटौँडाः हेटौँडा अस्पतालले नवनिर्मित भवनबाट थप सुविधासहित डायलाइसिस सेवा सञ्चालन गर्ने तयारी गरेको छ । गत पुसमा निर्माण सम्पन्न भएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत साविक अस्पतालसँगैको ५ तले भवनबाट सेवा सञ्चालन गर्ने तयारी भएको हो ।




नयाँ भवनमा सुरुमा डायलाइसिस सेवासहित अन्य विशेष ओपीडी सेवाहरु सुचारु गरिने अस्पतालले जनाएको छ । पुरानो भवनमा सञ्चालनमा रहेका डायलाइसिस सेवासहित युरोलोजी सेवा (पिसाब तथा मृगौला सम्बन्धी), कार्डियोलोजी (मुटुसम्बन्धी) र आयुर्वेदिक ओपीडी सेवाहरु नयाँ भवनमा सार्ने तयारी गरिएको हो ।

हाल सेवा दिइरहेको स्थान साँघुरो अवस्थामा रहेकोले नयाँ भवनमा खुला स्थानमा सारिँदा उपचार गराउन आउने बिरामीलाई पनि सहज हुने अपेक्षा अस्पतालले गरेको छ । नयाँ भवनमा सारेपछि डायलाइसिसको क्षमता पनि बढ्नेछ । पुरानो भवनमा सेवा दिन स्थानको अभावले १४ वटा शैयामा डायलाइसिस सेवा दिइँदै आएकोमा नयाँ भवनमा एकै पटक ३० वटा शैयाबाट सेवा प्रवाह गर्न सकिने अस्पतालका प्रवक्ता उत्सव चौलागाईंले बताउनुभयो ।

नयाँ भवनमा सेवा विस्तारका लागि थप १५ डायलायसिस मेसिनहरु टेन्डर प्रक्रियाबाट खरिद भइसकेको उहाँले जानकारी दिनुभयो । ३० वटा डायलाइसिस मेसिनहरु एकैपटक प्रयोग गर्न सकिने र दैनिक तीन सिफ्टमा ८० भन्दा बढी मृगौलाका बिरामीलाई डायलाइसिस सेवा दिन सकिनेछ । यसअघि दैनिक तीन सिफ्टमा ३२ जना बिरामीलाई मात्र डायलाइसिस सेवा प्रदान गरिँदै आएको थियो । मेसिन थप भएपछि अब प्रतीक्षामा रहेका बिरामीहरुलाई समेत राहत हुने विश्वास चौलागाईंको छ ।

अबको एक महिनामा डायलासिस सेवा नयाँ भवनमा सारिने उहाँले स्पष्ट पार्नुभयो । नयाँ भवनमा अक्सिजनका पाइप वितरण तथा अन्य फर्निचर सेटिङहरु भइरहेको उहाँले जानकारी दिनुभयो । यस्तै, हाल इसीजी, ड्रेसिङलगायतका अन्य सेवाहरु पनि यहि स्थानबाट प्रवाह गरिनुका साथै अर्को आर्थिक वर्ष मुटुरोगीहरुलाई आपतकालीन सेवाको लागि क्याथ ल्याब सेवा पनि सुचारु गर्ने अस्पतालको योजना रहेको छ । क्याथ ल्याब सेवा सुचारु गर्न २० करोडभन्दा बढी खर्च लाग्ने हुँदा अस्पतालले संघीय अनुदानको प्रयास गरिरहेको छ । क्याथ ल्याब सुचारु हुँदा मुटुका भल्भ ब्लकेज, ओपन हार्ट सर्जरीलगायतका मुटुका आपतकालीन उपचार गरी जीवन रक्षा गर्न सकिने अस्पतालले जनाएको छ ।

यसै हप्ताबाट अस्पतालले युरोलोजी अन्तर्गत युएफएम (पिसाब बहाब मापन गर्ने प्रविधि)को सुरुवात गरेको छ । यस प्रविधिबाट लामो समयसम्म पिसाबमा प्रोस्टेट, पिसाब नली साघुँरिएको तथा पिसाब थैलीमा समस्या भएका बिरामीहरुलाई पिसाबको मात्रा, बहाब, समयलगायतको जानकारी दिने भएकोले यी समस्या भएका बिरामीलाई राहत पुग्नेसमेत प्रवक्ता चौलागाईंको भनाइ छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१२, आस्थाचोकमा मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । आइतबार बिहान ५ बजेर ३० मिनेटको समयमा केन्द्रीय बसपार्कबाट गोन्द्राङतर्फ जाँदै गरेको बा प्र ०६-००५ प ७६८० नम्बरको मोटरसाइकल सडकको बीच भागमा रहेको डिभाइडरमा ठोक्किँदा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

दुर्घटनामा तनहुँ जिल्लाको रिसिङ गाउँपालिका-३ घर भई हाल भरतपुर-३, बेलचोकमा बस्दै आएका २१ वर्षीय टोन बहादुर आले मगर, तनहुँ देवघाट नगरपालिका-२ का २२ वर्षीय ओम प्रकाश आले र २२ वर्षीय अमर थापा मगर घाइते भएका थिए । घाइते तीनै जनालाई उपचारका लागि चितवन मेडिकल कलेज र भरतपुर अस्पताल पठाइएको थियो । उपचारका क्रममा टोनबहादुरको बिहान ५ बजेर ५० मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । घाइते दुवैको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# पत्रकार महासंघको स्थापना दिवसमा प्रभातफेरी




*हेटौँडामा आयोजित प्रभातफेरीमा सहभागी पत्रकारहरु ।*

समाज संवाददाता

हेटौँडा : नेपाल पत्रकार महासंघको ७१औं स्थापना दिवसको अवसरमा सोमबार बिहान बागमती प्रदेशको राजधानी हेटौँडामा प्रभातफेरीको आयोजना गरिएको छ । नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको आयोजनामा प्रभातफेरी भएको हो ।

हेटौँडा बजारको सीमाचोकबाट सुरु भएको प्रभातफेरी बुद्धचोक, उद्योग वाणिज्य संघ चोकमा पुगेर पुनः सीमाचोकमा आएर सभामा परिणत भएको थियो । प्रभातफेरीपछि नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगर र जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले सभालाई सम्बोधन गर्नुभएको थियो । उहाँहरुले प्रेस स्वतन्त्रताको सुनिश्चितताको पक्षमा बोल्नु हुँदै सञ्चारकर्मी जिम्मेवार र जवाफदेही हुनुपर्नेमा जोड दिनुभयो । पत्रकार महासंघ सञ्चारकर्मीको हकहितका लागि पैरवी गर्ने संस्थाको रुपमा स्थापना गरिएको संस्था हो । २०१२ साल चैत १६ गते स्थापना नेपाल पत्रकार महासंघको स्थापना भएको हो ।

# एक वर्षदेखि सिद्धार्थ मावि व्यवस्थापन समितिविहीन

समाज संवाददाता

हेटौंडा : हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय विगत एक वर्षदेखि विद्यालय व्यवस्थापन समितिविहीन बनेको छ । गत वर्ष चैत्र १४ गते नै पुरानो समितिको कार्यकाल सकिए तापनि नयाँ समिति गठन हुन नसक्दा विद्यालय अभिभावकविहीनजस्तै बनेको हो ।

विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्णका अनुसार पुरानो समितिको म्याद सकिएलगत्तै चैत्र १५ गते अभिभावक भेला आयोजना गरिएको थियो । उक्त भेलामा नयाँ समितिमा बस्नका लागि ३० जना अभिभावकले इच्छा देखाउँदै नाम दर्ता गराएका थिए । शिक्षा नियमावलीअनुसार अभिभावक भेलाबाट ४ जना समिति सदस्यमात्र चयन गर्ने प्रावधान रहेकाले सहमति जुट्न सकेन । समिति गठनका लागि हालसम्म १६ पटक बैठक आह्वान गरिए तापनि अभिभावकहरूबीच आपसी खिचातानी र असहमति हुँदा प्रक्रिया अन्योलमा परेको प्रधानाध्यापक कर्णले बताउनुभयो ।

यसैबीच विद्यालयले गत माघ महिनामा आफ्नो स्वर्ण जयन्ती मनाएको छ । व्यवस्थापन समिति नभएकै कारण वडा नम्बर २ का वडा अध्यक्ष विष्णुगोपाल महर्जनको संयोजकत्वमा मूल समारोह समिति गठन गरी स्वर्ण जयन्तीका कार्यक्रमहरु सम्पन्न गरिएको थियो । वडा अध्यक्ष महर्जनका अनुसार यसअघि नै निर्वाचन प्रक्रियामार्फत समिति गठन गर्ने तयारी गरिए तापनि स्वर्ण महोत्सवको तयारीका कारण उक्त विषय पछाडि धकेलिएको हो ।

व्यवस्थापन समिति नहुँदा विद्यालयको भौतिक विकासमा समेत असर पर्न थालेको छ । संघीय सरकारबाट विद्यालयको चार कोठे भवन निर्माणका लागि प्राप्त ५५ लाख रुपैयाँको बजेटसमेत अहिले ओझेलमा परेको छ । समिति नहुँदा उक्त बजेट कार्यान्वयन र निर्माण प्रक्रिया अगाडि बढ्न सकेको छैन । वडा अध्यक्ष महर्जनले अब नयाँ शैक्षिक सत्र सुरु भएलगत्तै कानुनबमोजिम निर्वाचन प्रक्रियामा गएर भए पनि नयाँ नेतृत्व चयन गर्ने बताउनुभयो ।

# नारायणीमा डुबेर दुई विद्यार्थीको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-३ बाह्रघरेचोक नजिक नारायणी नदी क्षेत्रमा जमेको पानीमा पौडी खेल्ने क्रममा डुबेर दुई जना विद्यार्थीको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-१६, शरणपुरका १४ वर्षीय सनम रस्तेल र प्रशान्त क्षेत्री रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आइतबार दिउँसो १२ बजेर ५० मिनेटको समयमा बाह्रघरेचोक नजिक जमेको घोलमा पौडी खेल्ने क्रममा दुवै जना डुबेर बेपत्ता भएका थिए । दुवै जनालाई दिउँसो २ बजेर ४ मिनेटमा उद्दार गरी भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा दिउँसो २ बजेर ४० मिनेटको समयमा चिकित्सकले दुवै जनालाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीहरू बाह्रघरेस्थित मुनलाइट बोर्डिङ स्कुलमा कक्षा ७ मा अध्ययनरत थिए ।

## रोजगारीको अवसर

**हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

**सम्पर्क : ९८२१-२५९३९३**

## सामुदायिक रेडियो, रेडियो निकास
## ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ